यस व्यास नगरकार्यपालिकाको १७७ औं बैठक आज मिति २०८०/०८/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| का.बा. वडाध्यक्ष वडा नं ७ | - श्री सरस्वती बि.क. | उपस्थित |
| अधिकृत सातौं | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८०/०८/०७ को कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: ४० औं नगर सभाका लागि मिति तय गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: नगरपालिकाबाट विगत ६ वर्षमा सम्पादित कार्यहरुको विवरण संकलन सम्बन्धमा ।
प्रस्ताव नं.४: व्यवसाय कर लगायत कर संकलन अभियान सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.५: मादी नदी उपत्यका विकास परियोजना प्रस्ताव नेपाल सरकारबाट आयोजना गरिने लगानी सम्मेलनमा समावेश गराउने सम्बन्धमा ।
प्रस्ताव नं.६: आ.व. २०८०/०८१ को प्रथम चौमासिक आय व्यय विवरण सम्बन्धमा ।
प्रस्ताव नं.७: घर नक्शा नियमन एवं घर कायम गर्न म्याद दिने सम्बन्धमा ।
प्रस्ताव नं.८: निर्माण जिम्मा लिई तोकिएको समय भित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई अन्तिम कारवाही अघि बढाउने सम्बन्धमा ।
प्रस्ताव न.९: जेष्ठ नागरिकहरुलाई सार्वजनिक यातायातमा छुट सुविधा दिने सम्बन्धमा ।
प्रस्ताव नं.१०: मानुङ कोटको पर्यटन विकासका लागि सरोकारवालासँग बैठक बस्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: व्यास नगरपालिकाको सल्लाहकार समितिको बैठक आयोजना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: कार्यालय परिसरलाई प्रभावित गर्ने नाला मर्मत सम्बन्धमा ।
प्रस्ताव नं.१४: नगरपालिका परिसरको उत्तर पूर्व तर्फका पुराना भवन भत्काउने सम्बन्धमा ।
प्रस्ताव नं.१५: प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: रिक्त स्वयंसेवक शिक्षक दरबन्दीमा नियुक्तिका लागि अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.१७: सिद्धवेनी आधारभूत विद्यालयमा प्र.अ.नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१८: समता विद्यालयमा स्वयंसेवक शिक्षक नियुक्ति सम्बधमा ।
प्रस्ताव नं.१९: आँखाका अप्रेसन गर्ने जेष्ठ नागरिकलाई यातायात खर्च उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२०: ट्याम्पु नवीकरण दर्ताको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२१: एक वर्षे अनुदान कोटामा विस्थापित शिक्षक पदस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२२: साविक मा.वि. सामाजिक विषयको दरबन्दी केशवटार मा.वि. मा नै कायम गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२३: प्राथमिक तहको रिक्त दरबन्दी स्थानान्तरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४: शिक्षक दरबन्दी मिलान सम्बन्धमा ।
प्रस्ताव नं.२५: भूमि सम्बन्धी नापी कार्यमा अनुगमन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२६: जीवन्त शहर सम्बन्धी कार्यक्रममा गुजरात प्रतिनिधि पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.२७: विद्युतीय चार्जिङ्ग स्टेशन स्थापना सम्बन्धमा ।
प्रस्ताव नं.२८: विपदजन्य र अत्यावश्यक कार्यमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२९: जैविक विविधता संरक्षण विधेयक निर्माण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३०: कृषि प्राविधिक छनौट समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३१: नवप्रवर्तन साझेदारी कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/०८/०७ को निर्णयहरुको समीक्षा गरी कार्यान्यनमा जोड दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४० औं नगर सभा मिति २०८० पौष २५ गते नगरपालिकाको हलमा बिहान ११:०० बजे गर्ने निर्णय गरियो । जसमा विषयगत समिति एवं शाखागत रुपमा मंसीरसम्मको प्रगती प्रतिवेदन पेश गर्ने, ऐन संशोधन भए विधायन समिति मार्फत पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३:</u>** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका सबै वडाहरु र शाखाहरुबाट विगत आ.व.२०७४/०७५ देखि २०७९/०८० सम्म सम्पादित कार्यहरुको पारित कार्यविधि अनुसार मिति २०८०/९/२ गतेभित्र विवरण संकलन गरी २०८०/९/३ गतेभित्र नगरपालिकामा पेश गर्न सबै वडा समिति र शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.४:</u>** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र आर्थिक ऐन, २०८० अनुसार लाग्ने व्यवसाय दर्ता, व्यवसाय कर, सरसफाई शुल्क, सम्पत्ति कर, भूमि कर संकलन गर्न पहिलो चरणमा १ महिने (२०८०/८/२२ देखि २०८०/९/२२ सम्म) सम्बन्धित वडा समितिको समन्वयमा आवश्यक निर्णय गरियो ।

**<u>निर्णय नं.५:</u>** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारले आयोजना गर्ने लगानी सम्मेलनमा मादी नदी उपत्यका विकास परियोजना समावेश गरिदिन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.६:</u>** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.२०८०/०८१ को कुल आय-व्यय रू. १,६८,९१,२७,०००। भएकोमा प्रथम चौमासिकमा रू.४९,७२,५६,३१२, आम्दानी (७५%) भई (२९.४४%) जम्मा चालु तर्फ रू.९३,८५,९०,०००। विनियोजन भई जम्मा रू.२६,६८,०५,७७८।५९ खर्च (२८.४३%) भएको, पूँजीगत तर्फ रू.७५,०५,३७,०००। विनियोजन भएकोमा रू.७,०५,०५,४६३। खर्च (९.३९%) भई कुल खर्च रू.३३,७३,११,२४,१५९। (१९.९६%) भएको आर्थिक प्रशासन शाखा प्रमुखबाट जानकारी गराइएकोले सार्वजनिक गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.७:</u>** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र नक्शापास प्रकृयामा नआई भवन निर्माण कार्य भएका कुनै पनि व्यक्ति, सरकारी साथै सार्वजनिक जग्गा सम्पत्ति नमिचेको, सन्धी सर्पन नमिचेको, बाटोको सडक अधिकार क्षेत्र नमिचेको बाटोको निकास भएका भवनहरुको नगरपालिकाको नियम भित्र रही मिति २०८० माघ मसान्तभित्र नक्शा नियमित गर्न वा घर कायम गर्नका लागि सूचना प्रकाशन गर्न, त्यस्ता घरहरुको विवरण लिन घर नक्शा शाखालाई निर्देशन दिने र प्रकृयामा नआएका घरहरुलाई प्रचलित कानुन बमोजिम कार्यवाही प्रकृया अघि बढाउन समेत निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.८:</u>** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका विभिन्न योजनामा निर्माणको जिम्मा लिने केही निर्माण व्यवसायीहरुले ठेक्काको काम सम्पन्न नगरी पटक पटक पत्राचार गर्दा समेत सम्पर्कमा नआएकाहरुलाई अन्तिम पटक १५ दिनभित्र सम्पर्कमा आई कार्य प्रारम्भ गर्न पत्राचार गर्ने र प्रकृयामा नआउने निर्माण व्यवसायीहरुलाई प्रचलित कानुन बमोजिम कारवाही अघि बढाउन सम्बधित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.९:</u>** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका जेष्ठ नागरिकहरुलाई सार्वजनिक यातायात भाडामा कानुन बमोजिम छुट नपाएको भन्ने गुनासो आएकाले त्यस्तो छुट दिन सम्बन्धित सवारी धनी, चालकहरुलाई अनुरोध गर्ने र छुट नदिएमा नगपालिकामा सूचित गर्न सम्बन्धित जेष्ठ नागरिकहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१०:</u>** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा मानुङको पर्यटन विकास सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुसँग मिति २०८०/८/२९ गते शुक्रवार ११.०० बजे नगरपालिका सभा कक्षमा गुरुयोजना सहित परामर्श बैठक राख्ने निर्णय गरियो ।

**<u>निर्णय नं.११:</u>** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका आ.व.२०७९/०८० को सम्पादित कार्यहरु, दीर्घकालिन योजना र आवधिक योजनाको समिक्षा गर्ने र आगामी कार्ययोजनाका सम्बन्धमा परामर्श लिने गरी सल्लाहकार समिति सहित विज्ञहरुको बैठक मिति २०८०/९/४ गते नगरपालिका सभाकक्षमा बस्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१२:</u>** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा तपशिलमा उल्लेखित विभिन्न आय ठेक्का तथा निर्माण ठेक्काको लागि विद्युतीय बोलपत्र र प्राविधिक तथा आर्थिक प्रस्ताव आब्हान गरिएकोमा मूल्याङ्कन

समितिको सिफारिसमा तपलिमा उल्लेखित बोलपत्र तथा आर्थिक प्रस्ताव स्वीकृत गरी आय तथा निर्माण सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

| सि. नं | योजनाको नाम | फर्मको नाम | कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | व्यास नगरपालिका क्षेत्रभित्र मादी सेती नदीको नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री गर्ने कार्य (निउरोघारीदेखि खहरे डाढखोलासम्म) (ठेक्का नं. ०५/VYASREV/२०८०।०८१) | श्री अमन ईन्टरनेशनल ट्रेड लिंक प्रा.लि. ललितपुर | रु.८२,८८,०००।० |
| २ | व्यास नगरपालिका वडा नं.६ स्थित मोदी खोला मोटरेवल पुल निर्माण र वडा नं.१२ को घांसीकुवा शितलबजार बीचबाट वडा नं.११ कैलाश्वरेश्वर मार्ग जोड्ने मोटरेवल पुलको डि.पि.आर. निर्माण | श्री Niyatra Consultancy Pvt.Ltd. Lalitpur. | रु.१०,५२,०००।०० |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा कार्यालयको मुख्य भवनको दक्षिण पट्टिदेखि मासु बजारको दक्षिण भाग समेत तरकारी बजार लाइनसम्मको नाला निकै पुरानो, भित्री भागमा प्लाष्टर पनिङ समेत नभएकोले ठाउँ-ठाउँमा वाल भत्केको हुँदा कतै पानी थुनिने र मुख्य भवनको अण्डरग्राउण्डमा समेत पसेको देखिएकोले सो नालाको मर्मत, पुननिर्माण, भाँचिएका स्ल्याव मर्मत एवं क्यापिङको समेत काम गर्नका लागि प्राविधिक लागत अनुमान रू.५,६७,०४९/९५ को कोटेशन मार्फत मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका परिसर भित्रका पूर्व उत्तर तर्फका पुराना जीर्ण एवं खाली भवनहरु र सभाहल समेत ४ वटा भवनहरु खरिद प्रकृया अनुसार डोर हाजिर एवं आवश्यकता अनुसार ठूला उपकरण प्रयोग गरी भत्काउन र पुन:प्रयोगमा आउने झ्यालढोका, काठ, जस्तापाता लगायतका वस्तुहरुलाई भरसक नबिग्रिने गरी संकलन गरी नियमानुसार लिलाम बढाबढ गर्न समेत कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१० र ११ का फराकचौर, अर्चलचौर, वोरथुम्का लामीडाँडा आसपासमा सञ्चालित विभिन्न व्यक्तिहरुको निजी जग्गामा विभिन्न स्लेट ढुंगा उत्खनन् उद्योगहरुको वातावरणीय परिक्षण प्रतिवेदन २०८० (Mitial Environmental Examination Report 2080) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा २०८०/७/२२ को व्यास नगरकार्यपालिका बैठकबाट व्यास ९ सरस्वती आधारभूत विद्यालयबाट व्यास ७ स्थित समता विद्यालयमा स्थानान्तरण गरिएकी श्री पुजा गुरुङ्गको रिक्त दरबन्दीमा स्वयंसेवक शिक्षक नियुक्तिका लागि विज्ञापन गर्न उक्त सरस्वती आ.वि.लाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१७ :** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ बेलवास स्थित सिद्धबेनी आधारभूत विद्यालयका प्र.अ. श्री सुकबहादुर आले उमेर हदका कारणले सेवा निवृत्त हुनु भएकाले उक्त विद्यालयको नयाँ प्र.अ. पदमा नि.मा.वि. अंग्रेजी शिक्षक श्री रोदन थापालाई विद्यालय व्यवस्थापन समितिबाट नियुक्ति सिफारिस भई आएकाले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगर समता विद्यालयमा कार्यालय सहयोगी पदमा राती पनि बस्ने गरी मासिक रू.१८,०००। पारीश्रमिक दिने गरी करार सेवामा नियुक्ती हुनु भएका श्री सम्झना अधिकारी व्यास ८ कृष्णालय प्रा.वि.मा २०८०/५/१५ देखि सरुवा भई जानु भएको र हाल उक्त विद्यालयमा कार्यालय सहयोगी दरबन्दी आवश्यक नभई शिक्षक नै आवश्यक भएको भन्ने विद्यालय व्यवस्थापन समितिको सिफारिस भई आएकाले स्वयंसेवक शिक्षक पदमा हाल काम गर्दै आएका

श्री सुस्मिता पौडेललाई कार्यरत रहेको मितिदेखि रू. १८,०००। पारिश्रमिक पाउने गरी हाललाई २०८० चैत्र मसान्तसम्मका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिस अनुसार नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९ :** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा भरतपुर आँखा अस्पतालको सहकार्यमा नेपाल नेत्रहीन संघ नामक दृष्टिविहिनहरुको हितकारी संस्थाले यस नगरपालिकाको आँखाका बिरामीहरुको परिक्षण अभियान गरी १२० जना जेष्ठ नागरिकहरुको मोतिविन्दु अप्रेशन गर्नुपर्ने भनी विवरण प्राप्त भएको र उक्त अपरेशन आँबुखैरेनी अस्पतालमा हुने हुदा उक्त स्थानसम्म जान आउन प्रति बिरामी रू.१,०००। एक हजार बजेट शीर्षक नं.९३ बाट यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्र चल्ने ट्याम्पु दर्ता तथा नवीकरण प्रकृयामा नआई आफूखुशी चली भाडा समेतमा मनोमानी भएको भनी जनगुनासो आएकाले नवीकरण एवं दर्ताका लागि यस अघि दिइएको म्याद अपुग भएको भनी समय माग भएकाले २०८०/९/५ गतेसम्मका लागि अन्तिम पटक दर्ता वा नवीकरणका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा मिति २०८० मंसिर मसान्तभित्र शिक्षक सेवा आयोगको सिफारिस तथा शिक्षा विकास तथा समन्वय इकाई तनहुँबाट स्थायी नियुक्ति लिई यस नगरपालिका अन्तर्गतका विद्यालयमा पदस्थापनका लागि आउने शिक्षकद्वारा श्री क्यामिनकोट माध्यमिक विद्यालय व्यास ७ मा रहेको माध्यमिक तह करार शिक्षक पदमा कार्यरत शिक्षक श्री दिनेश नहर्की विस्थापित हुने अवस्था भएकोले निजलाई श्री शिव पाञ्चायन माध्यमिक विद्यालय व्यास ३ मा संघीय सशर्त अनुदान अन्तर्गत रिक्त रहेको माध्यमिक तह एक वर्षे शिक्षण सिकाई सहयोग अनुदान कोटाको अंग्रेजी विषयमा कामकाज गर्ने गरी सरुवा पदस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा श्री केशवटार माध्यमिक विद्यालय व्यास १४ मा माध्यमिक तहमा गणित विषयका स्थायी र राहत गरी २ वटा दरबन्दी कायम रहेको र माध्यमिक तहको सामाजिक विषयको दरबन्दी रिक्त रहेकोले श्री माहेन्द्री माध्यमिक विद्यालयको माध्यमिक तहमा करार रिक्त रहेको सामाजिक विषयका दरबन्दीलाई केशवटार माध्यमिक विद्यालयमा कायम गराई शिक्षक सेवा आयोगको सिफारिसमा शिक्षा विकास तथा समन्वय इकाई, तनहुँबाट स्थायी नियुक्ति लिई यस नगरपालिकामा पदस्थापनका लागि आउने सामाजिक विषयको शिक्षकलाई दरबन्दी सहित केशवटार माध्यमिक विद्यालयमा पदस्थापन गराउने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा श्री कृष्णालय प्राथमिक विद्यालयमा प्राथमिक तहको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक श्री परशुराम मिश्र र श्री सविता तिमल्सेनाले मिति २०८०/९/१ गतेदेखि लागू हुने गरी स्वेच्छिक राजिनामा दिनु भएकोले उक्त विद्यालयमा विद्यार्थी संख्या ज्यादै न्यून रहेकाले उक्त शिक्षकहरुको २०८० पुस १ बाट लागू हुने गरी रिक्त भएको दरबन्दीहरु मध्ये १ दरबन्दी श्री सत्यवती मा.वि. व्यास २ मा, १ दरबन्दी उदय मा.वि. व्यास ५ मा स्थानान्तरण गरी अभिलेखीकरणका लागि शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयका विभिन्न तहमा कार्यरत स्थायी/राहत/करार शिक्षकहरुलाई विषयगत तथा तहगत रुपमा देखिएका विविध समस्याहरुलाई समाधान गर्ने गरी आवश्यक निर्णयमा पुग्न तपसिल बमोजिमका शिक्षकहरुलाई कैफियतमा उल्लेखित विषयहरु समेतको आधारमा दरबन्दी मिलान गरी सरुवा गर्ने निर्णय गरियो ।

| क.सं. | शिक्षकको नाम | तह | विषय | किसिम | कार्यरत विद्यालयको नाम | सरुवा गरिएको विद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | श्री प्रकाश काफ्ले | मा.तृ. | गणित | स्थायी | श्री केशवटार मा.वि., व्यास १४ | श्री अमरसिंह मा.वि., व्यास ११ | दरबन्दी माहेन्द्री मा.वि.कायम हुने गरी काज सरुवा |
| २. | श्री सुरेन्द्र अधिकारी | मा.तृ. | गणित | राहत | श्री अमरसिंह मा.वि., व्यास ११ | श्री माहेन्द्र मा.वि., व्यास ९ | काज सरुवा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | श्री मिन बहादुर कार्की | मा.तृ. | गणित | राहत | श्री उदय मा.वि., व्यास ५ | श्री शिव पाञ्चायन मा.वि., व्यास ३ | दरबन्दी सहित |
| ४. | श्री फर्हत सिद्धिकी | नि. मा.तृ. | गणित | राहत | श्री लक्ष्मी आ.वि., व्यास ९ | श्री बसाह स्थान मा.वि., व्यास ९ | दरबन्दी सहित |
| ५. | श्री इन्द्रकला आचार्य | प्रा.तृ. | | स्थायी | श्री सरस्वती आ.वि., व्यास ९ | श्री सत्यवती मा.वि., व्यास २ | कृष्णालय प्रा.वि.बाट स्थानान्तरण भई आएको रिक्त दरबन्दीमा |
| ६. | श्री राजेश न्यौपाने | प्रा.तृ. | | स्थायी | श्री अमर प्रा.वि., व्यास ६ | श्री उदय मा.वि., व्यास ५ | कृष्णालय प्रा.वि.बाट स्थानान्तरण भई आएको रिक्त दरबन्दीमा |

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापी प्रकृया वडा नं.१३, १४ को सम्पन्न भएको र स्थानीय जनप्रतिनिधि, टोल विकास समितिसँग समन्वय गरी नापी प्रकृयालाई छिटो, छरितो, मितव्ययी गर्न गराउन निम्नानुसार अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री गंगालाल सुवेदी – प्रमुख प्रशासकीय अधिकृत
(२) सदस्य श्री कुमार कञ्चन जि.सी. – आ.ले.प. शाखा प्रमुख
(३) सदस्य श्री रामचन्द्र हड्खले – प्रशासन शाखा प्रमुख
(४) सदस्य श्री अमृत के.सी. – घर नक्सा शाखा प्रमुख
(५) सदस्य-सचिव श्री सुवास गौतम – भूमि इकाई प्रमुख

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/०८/२९ गते (Dec-15,2023) मा मित्रराष्ट्र भारतको गान्धी नगरमा हुन गईरहेको 'Pre vibrant Gujarat Summit" (Liveable Cities Tomorrow) कार्यक्रममा नगर प्रमुखलाई आमन्त्रण भएकोमा कार्य व्यस्तताले नगर प्रमुख नजानु हुने हुँदा नगर प्रमुखका तर्फबाट सूचना प्रविधि अधिकृत श्री विशाल पण्डितलाई हवाई यातायात र आवास खर्च यस नगरपालिकाको दायित्वमा नरहने गरी भ्रमणमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्र विद्युतीय चार्जिङ्ग स्टेशन स्थापना गर्न प्रदेश सरकार निजी संस्थाको सहभागिता र स्थानको सम्बन्धमा सम्भाव्यता अध्ययन गरी माघ महिनाभित्र पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यकमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भएपश्चात सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | टेवल टेनिस खेल व्यवस्थापन | ३ | २,००,०००। | ८७७ |
| २. | हिरालाल दरै बधशालामा गोरु करेण्ट लागी बितेको | ३ | २५,०००। | विपद |
| ३. | व्यास पशु व्यवस्थापनमा पाइप खरिद | ५ | ३०,०००। | ८३१ |
| ४. | झिनुवाटार खानेपानी मर्मत सुधार | ९ | १,००,०००। | ८३१ |
| ५. | तरकारी खेती सिँचाई पाइप खरिद | १० | ५०,०००। | ८२३ |
| ६. | बैरेनी जोगीटार खानेपानी टंकी मर्मत पाइप खरिद | १० | १,००,०००। | ८३१ |
| ७. | नयाँबस्ती टोली खानेपानी पाइप खरिद | १० | २,००,०००। | ८३१ |
| ८. | कोकलडाँडा खानेपानी टंकी मर्मत | ११ | २०,०००। | ८३१ |

| | | | | |
|---|---|---|---|---|
| ९. | यमबहादुर सुनार, भुकम्प प्रभावित घर मर्मत | १४ | २५,०००। | विपद |
| १०. | पर्यटन भिडियो नेपाल सूचना प्रकाशन | | १५,०००। | ३९ |
| ११. | खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, सडक खाद्य तालिम | | ५०,०००। | ७२ |
| १२. | रेडियो देवघाट सहयोग | | २५,०००। | ३९ |
| १३. | रेडियो बन्दिपुर सहयोग | | २५,०००। | ३९ |
| | जम्मा | | ८,६५,०००। | |

**निर्णय नं.२९ :** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण देखिएका समस्या र विभिन्न सवालमा जलीय जिवजन्तु तथा जैविक विविधता संरक्षण विधेयक नियमावली तयारीका लागि निम्नानुसार नगर प्रमुखको अध्यक्षतामा समावेशी समिति गठन गर्ने र सो कार्यमा विज्ञता सहयोगको लागि यू.एस.ए.आई.डी.जल जंगल ललितपुर नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

(१) संयोजक - नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने
(२) सदस्य - उपप्रमुख श्री इन्दिरा दरै
(३) सदस्य - प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदी
(४) सदस्य - विधायन समिति प्रमुख श्री खेमराज पोखेल
(५) सदस्य - कार्यपालिका सदस्य श्री चन्द्रमाया परियार
(६) सदस्य - वनवातावरण समिति संयोजक श्री रनसिंह नेपाली
(७) सदस्य - विधायन समिति सदस्य श्री दुर्गा आले
(८) सदस्य - विषय विज्ञ श्री नारायण बेलवासे (यू.एस.ए.आई.डी. जल जंगल परियोजना)
(९) सदस्य-सचिव - सूचना प्रविधि शाखा प्रमुख श्री गोकर्णराज वाग्ले

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा रिक्त रहेको कृषि प्राविधिकको परीक्षा लिई सिफारिस गर्न निम्नानुसार छनौट समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक – प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदी
(२) सदस्य – कृषि पशु शाखा प्रमुख डा. मनोज विश्वकर्मा
(३) सदस्य – प्रशासन शाखा प्रमुख श्री रामचन्द्र हड्खले
(४) सदस्य-सचिव – सूचना प्रविधि शाखा प्रमुख श्री गोकर्णराज वाग्ले

**निर्णय नं. ३१:** प्रस्ताव नं. ३१ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चालु आर्थिक वर्ष २०८०/०८१ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि मिति २०८०/०८/२३ गतेको प्रकाशित सूचना अनुसार जनउत्थान कृषि एम्बुलेन्स सेवा तथा कृषि संकलन एवं बिक्री केन्द्र निर्माण परियोजनाको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।